प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कोरिया नेपाल इन्ष्टिच्यूट अफ टेक्नोलोजी

बुटवल, रुपन्देही

## चमेना गृह सन्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना

प्रकाशित मिति २०७७।०४।१६

यस इन्ष्टिच्यूटको परिसर भित्र चमेना गृह सन्चालन गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सो कार्य गर्न इजाजत प्राप्त गर्नुका साथै स्थायी लेखा नम्बर (ब्यावसाय) वा मू.अ.कर प्राप्त गरेको ईच्छुक योगय व्यक्ति, फर्म तथा संघ-संस्थाहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

### तपसिल

१. यो सूचना प्रकाशित मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस इन्ष्टिच्यूटको प्रशासन शाखा बाट फर्म दर्ता (नविकरण सहित), स्थायी लेखा नम्बर (ब्यावसाय) वा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०७५।०७६ सम्मको कर चुक्ता गरेको कागजपत्र संलग्न राखी एउटा चमेना गृहको लागि राजश्व दस्तुर वापत रु. एक हजारको बैंक भौचर (फिर्ता नहुने गरी) (राष्ट्रिय बाणिज्य बैंक, बुटवल, खस्यौली शाखामा रहेको यस इन्ष्टिच्यूटको आम्दानी खाता नम्बर ३१२०००३०२२०१ मा जम्मा गरेको) बुझाई चमेना गृहको लागि सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ।

२. चमेना गृहको लागि खरिद भएका दरभाउपत्रहरु यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ बजे भित्र यस इन्ष्टिच्यूटको नाममा सम्बोधन गरी दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस इन्ष्टिच्यूटको प्रशासन शाखामा दर्ता गराउन सकिने छ।

३. दर्ता भएका दरभाउपत्रहरु दरभाउपत्र पेश गर्ने अन्तिम मितिका दिन दिनको २ बजे दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु र यस इन्ष्टिच्यूटको तर्फबाट बनेको कमिटीको रोहवरमा यस इन्ष्टिच्यूटमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन एवम् खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. दरभाउपत्रमा कवोल गरेको चमेना गृहमा खपत हुने परिकारको दर रेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको सही छाप भएको हुनु पर्नेछ।

६. म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

७. यस इन्ष्टिच्यूटले तोकेको योग्यता पुरा गर्ने र कम औसत प्रस्तावित मुल्य दररेट भएको प्रस्तावलाई स्वीकृत गरिने छ। साथै इन्ष्टिच्यूटले निर्धारण गरेको प्रत्येक मुल्य सूचिमा उल्लेखित दर भन्दा बढी दररेट प्रस्ताव भएको दरभाउपत्र मुल्याङ्कनका आधारहरुको बुँदा अनुसार तोकिएको कमिटीले निर्णय गर्नेछ।

८. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

९. दरभाउपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस इन्ष्टिच्यूटमा सुरक्षित रहनेछ।

१०.सिलवन्दी दरभाउपत्र दाताको ग्राह्यता प्रमाणित गर्ने कागजातहरु सिलवन्दी दरभाउपत्र साथ (सिलवन्दी खाम भित्रै) पेश गर्नु पर्नेछ। ग्राह्यता सम्बन्धि कागजातमा निम्न लिखित कागजातहरुको प्रतिलिपी नोटरी पव्लिकबाट प्रमाणित गराई समावेश गर्नु पर्ने छ।

१. फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र (नवीकरण सहित),
२. स्थायी लेखा नम्बर (ब्यावसाय) वा मू.अ.कर दर्ता नम्बरको प्रमाणपत्र,
३. आ.व. २०७५।०७६ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र,
४. कम्तिमा ३ बर्षको समान प्रकृतिको कार्यानुभव प्रमाणित गर्ने कागजात,
५. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम २(ङ) सँग सम्बन्धित घोषणा पत्र।

११.सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

१२.दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न आउदा कम्पनी वा फर्मको नाम सहित निबेदन दिनुपर्नेछ। जुन नामबाट खरिद भएको हो सोही नामबाट कागजात पेश गर्नु पर्नेछ।

१३.दरभाउपत्र सम्बन्धी थप जानकारी आवश्यक परेमा कोरिया नेपाल इन्स्टिच्यूट अफ टेक्नोलोजी बुटवल, रुपन्देहीको मोवाईल नम्बर ९८५७०३३०८४ वा सूचना अधिकारीको मोवाईल नम्बर ९८४१००३७३२ मा सम्पर्क राखी बुझ्न सकिने छ।

१४.यो सुचना यस इन्स्टिच्यूटको वेभसाइट www.knit.edu.np मा पनि हेर्न सकिन्छ।

कोरिया नेपाल इन्स्टिच्यूट अफ टेक्नोलोजी
बुटवल-१२, तामनगर, रुपन्देही